नेपालीका लागि नेपाली
Email : nrn.nccksa@gmail.coı
NRNA
NCC-SAUDI ARABIA
Non-Resident Nepali Association
For Nepali By Nepali
Web : www.nrnaksa.com
गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरब
Non-Resident Nepali Association, NCC – KSA

पत्र संख्या: 35-NCCKSA-1106201921 मिति: ११जुन २०२०

## नेपालीहरुको जिबन रक्षाका लागि हार्दिक अनुरोध सहितको ज्ञापन पत्र

श्री नेपाली महावाणिज्यदुतावास
जेद्दा-साउदी अरब

कार्यबाहक महावाणिज्यदुत ज्यु,

उपरोक्त सम्बन्धमा विश्वभर महामारिको रूपमा फैलिंदै गरेको प्राणघातक रोग कोरोना भाईरस COVID-19 ले गर्दा साउदि अरबमा रहेका नेपालीहरुलाई निक्कै जटिल समस्या परेको कारण आम श्रमिकहरु आक्रान्त बनेका छन्। कोरोनाको कारण धेरै नेपालीहरु संक्रमित भएको, केही संक्रमित नेपालीहरुले हस्पिटलमा उपचार नपाउनुको कारण हताहत भएको र हस्पिटल पुर्याउनको लागि हारगुहार गरेको तथा उपचार नपाएर मृत्युवरण सम्म गर्न पुगेका, धेरै नेपालीहरुले रोजगारी गुमाएर खान बस्न समेत नपाएका घट्नाहरु बढ्दै गइरहेका छन्। यस्तो बिषम परिस्थितीमा साउदि अरबमा संकटमा परेका नेपालीहरुको जिबन रक्षाका लागि साउदि सरकारको श्रम तथा परराष्ट्र मन्त्रालय,स्वास्थ्य मन्त्रालय साथै रोजगारदाता कम्पनी संग उच्च प्राथमिकताका साथ कुटनितिक तवर बाटै समन्वय गरी यथा शिघ्र उचित पहलकदमी चालिदिनको निम्ती हार्दिक अनुरोध गर्दै गैर आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरब संस्थागत ध्यानाकर्षण सहित तपसिलका ७ बुंदे अनुरोध सहितको ज्ञापन पत्र बुझाउंछौं।

1) कोरोनाका कारण साउदी अरबमा संक्रमित तथा मृतक नेपालीको पछील्लो अवस्था (संख्यात्मक)अद्यावधिक गर्न हामी संस्थागत अनुरोध गर्दछौं।
2) स्वदेश फर्कन पाउं भन्दै दुताबास समक्ष आएका पीडितहरुका गुनासोलाई यथोचित सम्बोधन गर्दै हजारौं संख्यामा स्वदेश फर्कनको निम्ती पर्खाइमा रहेका नेपालीहरुलाई यथाशिघ्र नेपाल फर्काउने ब्यबस्था मिलाउनको लागि हामी संस्थागत अनुरोध गर्दछौं।
3) बिशेष गरी गैर कानुनी रूपमा रहेका नेपाली कामदारहरुलाई रोजगारदाता कम्पनिले तलब सेवा सुबिधा नदिई बिचल्लिमा परेर स्वदेश फर्कनको निम्ती पर्खाइमा रहेका नेपालीहरुलाई दुताबास बाट उचित ब्यबस्थापनका साथ स्वदेश फिर्ता पठाउनको लागि र करार अवधी पुरा नहुंदै जागिर बाट बन्चित पीडितहरुको पहिचान गरी कम्पनी वा म्यानपावरलाई जिम्मेवार बनाउंदै न्याय तथा उध्दारको निम्ती सम्बन्धित निकाय संग कुटनितिक पहल गरी प्रबन्ध मिलाउनको लागि हामी संस्थागत अनुरोध गर्दछौं।

4) कोरोनाका कारण बिमार परेर हस्पिटल जान नपाएका, रोजगारदाता कम्पनी द्वारा वास्ता नगरिएका नेपाली नागरिक हरुलाई यथा शिघ्र उपचारको निम्ती रोजगारदाता कम्पनी संग दबाबमुलक समन्वय उपचार गर्न गराउन हामी संस्थागत अनुरोध गर्दछौं।

5) कोरोना वा अन्य कारण मृत्यु भएका नेपाली नागरिकका परिवारले पाउनु पर्ने जिबन बिमा तथा रोजगारदाता कम्पनी बाट पाउनु पर्ने क्षति पुर्तिको निम्ती रोजगारदाता कम्पनी तथा सम्बन्धित निकाय संग यथाशिघ्र पहल गर्न हामी संस्थागत अनुरोध गर्दछौं।
6) कोरोना बाहेक अन्य कारण मृत्यु भएका नेपालीहरुका आफन्त तथा परिवार नेपालमा मृतकको शब कुरेर बसिरहेको अवस्थालाई मध्यानअजर गर्दै यथा शिघ्र शब नेपाल पठाउनको निम्ती सरकार तथा सम्बन्धित सरोकारवाला संग पहल गर्न हामी संस्थागत अनुरोध गर्दछौं।

7) कोरोनाकै कारण रोजगारी गुमाएर बिचल्लिमा परेका नेपालीहरुले दैनिक छाक टार्न सेमत नसक्ने अवस्थामा रहेका पीडितहरु स्वदेश फर्कनको लागि र नेपालमा पुगेर क्वारेन्टाइनमा बस्ने सम्पूर्ण खर्च ब्यक्ती स्वयम्ले व्यहोर्न सक्ने स्थिती नरहेको हुंदा पीडितहरुको डाटा सार्वजनिक गर्दै वास्तबिक पीडितहरुको पहिचान गरी निशुल्क स्वदेश फर्कनको लागि सरकार वा सम्बन्धित सरोकारवाला संग समन्वय गर्न हामी संस्थागत अनुरोध गर्दछौं।

अन्त्यमा: तिब्र रूपमा फैलिएको संक्रमणको उन्मुलनको उपाय यथा शिघ्र निस्कोस, सम्पूर्ण नेपालीहरुमा डर त्रासको बातावरणको अन्त्य होस भन्ने हेतु गैर आवासिय नेपाली संघ साउदी अरबले यस बिपदको घडीमा नेपाली महावाणिज्य दुताबास संग समन्वय गर्दै मध्यस्थ कर्ताको रूपमा राष्ट्रिय स्तरका भूमिका र योगदान पुर्याउंदै आएका छौं र यसलाई हाम्रो स्रोत साधनले भ्याएसम्म निरन्तरता दिने प्रतिबध्दता जनाउंदै साउदी अरबको बिभिन्न स्थानमा कोरोनाबाट प्रभावित नेपालीहरुको अवस्था,नेपाली कामदारहरुको जिबन रक्षा,स्वदेश फिर्ती साउदीमा अलपत्र परेका पीडितहरुलाई यथा शिघ्र उचित ब्यबस्थापनका साथ स्वदेश फिर्ता गर्न महावाणिज्य दुताबासको अग्रणी भूमिका रहनेमा हामी आशाबादी छौं।

**बोधार्थ:**
एनआरएनए आइसिसी सचिवालय
नेपाल सरकार तथा प्रधानमन्त्रीको कार्यालय
श्रम तथा परराष्ट्र मन्त्रालय
बैदेशिक रोजगार बिभाग

**गैर आवासिय नेपाली संघ**
**राष्ट्रिय समन्वय परिषद-साउदि अरब**

**तेज बहादुर थापा**
**अध्यक्ष**
NRNA-NCC KSA